का.जि.प्र.का.द.नं. १००/०५९/६०
१६ चैत २०८०,
शुक्रबार
29 March 2024,
Friday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २२, अंक ४५ । पृष्ठ १४ | Madhyanha National Daily | www.madhyanhadaily.com

# एमडीएमएसमा १९ जनाविरुद्ध भ्रष्टाचार मुद्दा


**दीगम्बर झा**
पूर्वअध्यक्ष


**पुरुषोत्तम खनाल**
पूर्वअध्यक्ष


**मिनप्रसाद अर्याल**
निर्देशक


**आनन्दराज खनाल**
पूर्ववरिष्ठ निर्देशक


**दीपेश आचार्य**
निर्देशक

मोबाइल डिभाइस म्यानेजमेन्ट सिस्टम (एमडीएमएस) खरिदमा अनियमितता भएको ठहरसहित अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नेपाल दूरसञ्चार प्राधिकरणका पूर्वउच्च अधिकारीसहित १९ जनाविरुद्ध मुद्दा दायर भएको छ ।


**सुरेन्द्रलाल हाडा**
उप निर्देशक


**रेवती राम पन्थ**
उप निर्देशक


**सन्दीप अधिकारी**
उपनिर्देशक


**अच्युतानन्द मिश्र**
उपनिर्देशक

**मनीषा अवस्थी/मध्यान्ह**
काठमाडौं, १५ चैत ।

मोबाइल डिभाइस म्यानेजमेन्ट सिस्टम (एमडीएमएस) खरीदमा अनियमितता भएको अभियोगमा १९ जनाविरुद्ध मुद्दा दायर भएको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नेपाल दूरसञ्चार प्राधिकरणका पूर्व उच्च अधिकारी सहित सम्बन्धित १९ जनाबिरुद्ध मुद्दा दायर गरेको हो ।

अख्तियारले उनीहरूमाथि ९१ करोड ९८ लाख ३० हजार ८८२ रुपैंया बिगो माग दाबी गरेको छ । एमडीएमएस प्रणाली स्थापनाका नाममा हालसम्म खर्च भएको २३ करोड २० लाख रुपैंया जरिवाना असुल्नुपर्ने अख्तियारको दाबी छ । विदेशी डलरमा भुक्तानी भएको रकम फैसलाको मितिको विनिमय दरअनुसार बीगो र जरिवाना असुल्नुपर्ने अख्तियारको दाबी छ ।

अख्तियारले दायर गरेको अभियोगपत्रमा पूर्व अध्यक्ष दिगम्बर झा र पुरुषोतम खनाल, पूर्व वरिष्ठ निर्देशक आनन्दराज खनाल, बहालवाला निर्देशकहरू दिपेश आचार्य, सुरेन्द्र हाडा र फ्रिक्वेन्सी, सेवा गुणस्तर तथा सेवा प्रवाह अनुगमन शाखाका उपनिर्देशक अच्युतानन्द मिश्रलाई प्रतिवादी बनाइएको छ । यस्तै प्राधिकरणका योजना तथा व्यवस्थापन सूचना प्रणाली शाखाका उपनिर्देशक रेवतीराम पन्थ, अनुमतिपत्र व्यवस्थापन शाखाका उपनिर्देशक संदिप अधिकारी र कविन्द्रराज मल्लविरूद्ध पनि अख्तियारले भ्रष्टाचार मुद्दा दायर गरेको छ ।

यस्तै दूरसञ्चार प्राधिकरणका स्तरीकरण महाशाखाका निर्देशक मिनप्रसाद अर्याल, अनुगमन महाशाखाका निर्देशक विजय कुमार राय, ग्रामीण दूरसञ्चार विकास शाखाका उप-निर्देशक बिनोद चन्द्र श्रेष्ठ, अनुमतिपत्र शर्त अनुगमन शाखाका उपनिर्देशक सूर्य प्रसाद लामिछाने, फ्रिक्वेन्सी वितरण तथा व्यवस्थापन शाखाका सहायक निर्देशकद्वय प्रतिक्षा पौडेल र निराजन कोइरालाविरूद्ध पनि मुद्दा दायर गरिएको हो । एमडीएमएस उपकरण खरीदमा संलग्न कम्पनीहरु मलेसियाको न्यूमेरा कम्पनी, नमस्ते ग्लोबल सिंगापुर, ओएसआई >>> पृष्ठ २ मा

हानेपाको साथले बागमतीमा बहुमत

# मुख्यमन्त्रीमा आलोपालो

नेकपा एमाले, नेकपा माओवादी केन्द्र, एकीकृत समाजवादी र हाम्रो नेपाली पार्टीले केन्द्रीय स्तरमा बनेको सत्ता समीकरणको निर्णय अनुसार प्रदेश सरकारको नेतृत्वमा समेत सहकार्य गर्नेगरी सहमति गरेपछि बागमती सरकारको पक्षमा बहुमत जुटेको हो ।


*५ बुँदे सहमतिमा हस्ताक्षर गरेपछि बागमती प्रदेशसभामा प्रतिनिधित्व गर्ने नेकपा एमाले, माओवादी केन्द्र, हाम्रो नेपाली पार्टी र एकीकृत समाजवादीका नेताहरु ।*

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १५ चैत ।

संघीय सत्ता समीकरण अनुसारको नेकपा एमाले र नेकपा माओवादी केन्द्रसहितको गठबन्धनले बागमती प्रदेशमा बहुमत जुटाएको छ । २१ फागुनमा माओवादी केन्द्रले कांग्रेससँगको समीकरण तोडेपछि नयाँ समीकरणमा बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले बहुमत जुटाउन कसरत गरिरहेका बेला बिहीबार हाम्रो नेपाली पार्टी सरकारमा सहभागी भएको हो । यो सँगै नयाँ गठबन्धनले बागमतीमा बहुमत जुटाएको छ । सरकारलाई बहुमत जुटाउन हाम्रो नेपाली पार्टीसहित बागमती प्रदेशमा सत्ता गठबन्धनमा रहेका चार दलबीच बिहीबार नै ५ बुँदे सहमति भएको छ । जसमा नेकपा एमाले, नेकपा माओवादी केन्द्र, एकीकृत समाजवादी र हाम्रो नेपाली पार्टीको हस्ताक्षर छ ।

सहमतिमा मुख्यमन्त्रीमा आलोपालो गर्ने उल्लेख छ । पाँच बुँदे सहमतिको दोस्रो बुँदामा प्रदेश सरकारको नेतृत्व पनि आलोपालो गर्ने भनिएको छ । जहाँ लेखिएको छ, 'केन्द्रीय स्तरमा बनेको सत्ता समीकरणको निर्णय अनुसार प्रदेश सरकारको नेतृत्व कार्यान्वयन गरी सहभागी दलका बीचमा प्रदेश सरकारको नेतृत्वमा सहकार्य गरी अघि बढ्ने निर्णय गरियो ।'

यो सँगै हाम्रो नेपाली पार्टी सरकारमा सहभागी भएको हो । सहमतिमा भनिएको छ, 'प्रदेश सरकार गठनका सन्दर्भमा सहभागी दलहरूको सहमतिको आधारमा मात्र मन्त्रिपरिषद्को संख्या निर्धारण र मन्त्रालयको जिम्मेवारी विभाजन गर्ने निर्णय गरियो ।'

११० सदस्यीय बागमती प्रदेश सभामा बहुमतका लागि ५६ सांसद आवश्यक पर्छ । अहिले सत्तारुढ गठबन्धनमा रहेका एमालेका २७, माओवादी २१ र एकीकृत समाजवादीको सात सांसद छन् । दुई सांसद रहेको हाम्रो >>> पृष्ठ २ मा

# टीआरसीमा नरम नहुने कांग्रेसको संकेत

कांग्रेससँग सत्तासमीकरण छाडेर एमालेसँग सहकार्य रोजेको एक महिनाभित्रै प्रधानमन्त्री प्रचण्डले कांग्रेस सभापति शेरबहादुर देउवासँग टीआरसीमा सहयोग मागेका छन् । तर देउवाले अपेक्षित जवाफ नदिएको नेताहरु बताउँछन् ।


प्रचण्ड–देउवा भेट

**छवि सापकोटा/मध्यान्ह**
काठमाडौं, १५ चैत ।

नयाँ सत्ता समीकरण बनाएपछि प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवासँग बिहीबार संवाद गरेका छन् । विगतमा सरकारमा सँगै रहेका दुई नेताबीच गत फागुन २१ गते यता पहिलो पटक औपचारिक भेटवार्ता भएको हो ।

गत फागुन २१ गते प्रधानमन्त्री प्रचण्डले कांग्रेससँगको सहकार्य छाडेर एमालेसँगको सहकार्य रोजेका थिए । त्यसपछि प्रधानमन्त्री प्रचण्ड र देउवाबीच बिहीबार भेट भएको हो । नेताहरुका अनुसार प्रधानमन्त्री प्रचण्डले बोलाएपछि कांग्रेस सभापति देउवा प्रधानमन्त्री निवास बालुवाटार पुगेका थिए ।

भेटमा संक्रमणकालीन न्याय सम्बन्धी विधेयक (टीआरसी) लाई अघि बढाउने, संसदलाई बिजनेस दिने लगायत राष्ट्रिय मुद्दाहरूमा >>> पृष्ठ २ मा

# इलाम २ मा मिलन लिम्बू उम्मेदवार

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का तर्फबाट इलाम २ मा मिलन लिम्बू उम्मेदवार तय भएका छन् । यसअघि नै स्वतन्त्र उम्मेदवार हुने घोषणा गरेको भएता पनि रास्वपाले पार्टीका तर्फबाट आधिकारिक उम्मेदवार बनाउने भएपछि लिम्बू तयार भएका हुन् ।

**मध्यान्ह संवाददाता**
काठमाडौं, १५ चैत ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले इलाम क्षेत्र नम्बर २ मा हुने उपनिर्वाचनमा मिलन लिम्बूलाई उम्मेदवार बनाउने भएको छ ।

बिहीबार केन्द्रीय कार्यालयमा उम्मेदवारका ६ जना आकांक्षीसँग छलफल गरेर रास्वपाले लिम्बूलाई उम्मेदवार बनाउने निर्णय गरेको हो । रास्वपाका केन्द्रीय निर्वाचन आयोगका सचिव भूमिनन्द बरालका अनुसार उम्मेदवारहरूबीच छलफलबाट लिम्बूलाई समर्थन गर्ने निर्णय भएको हो ।

रास्वपाका तर्फबाट इलाम २ मा मिलन लिम्बू उम्मेदवार तय भएका छन् । यसअघि नै स्वतन्त्र उम्मेदवार हुने घोषणा गरेको भएता पनि रास्वपाले पार्टीका तर्फबाट आधिकारिक उम्मेदवार बनाउने भएपछि लिम्बू तयार भएका हुन् ।

वैशाख १५ गते इलाम २ मा उपनिर्वाचन हुँदैछ ।



त्यसका लागि यही चैत २४ गते उम्मेदवारको मनोनयन दर्ता गर्ने कार्यक्रम छ । लिम्बू यसअघि नेकपा माओवादी निकट पत्रकार थिए । उनले यसपटक माओवादीबाटै उम्मेदवार हुने आकांक्षा राखेका थिए । पार्टीले उम्मेदवारी दिने/नदिने निर्क्योल नगरेपछि लिम्बूले स्वतन्त्र >>> पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# इजरायलमा कार्यरत नेपाली कामदारको श्रममन्त्री डीपी अर्याललाई खुलापत्र

# 'म्यानपावरमार्फत इजरायलको रोजगारी रोक्ने मन्त्री अर्यालको निर्णय गलत'

**मध्यान्ह संवाददाता**
काठमाडौं, १५ चैत

इजरायलमा रहेका नेपालीहरुले निजी क्षेत्रका म्यानपावर कम्पनीबाट कृषि कामदारमा जाने व्यवस्था रोक्ने नवनियुक्त श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री



डोल प्रसाद अर्यालको निर्णय व्यवहारिक र बुद्धिमतापूर्ण नरहेको बताएका छन् । मन्त्री अर्यालका नाममा एकपत्र पठाउँदै हाल इजरायलमा कार्यरत नेपालीहरुले आकर्षक कमाइ हुने इजरायलको रोजगारीलाई रोक्दा त्यसले भारतीय अवैध बाटोबाट जाने क्रमलाई सहयोग पुर्‍याउने खतराप्रति मन्त्री अर्यालको ध्यानाकर्षणसमेत गराएका छन् ।

निवर्तमान श्रममन्त्री शरतसिंह भण्डारीले इजरायलको कृषि क्षेत्रमा म्यानपावर कम्पनीमार्फत >>> पृष्ठ २ मा

## इटहरीमा अवैध म्यानपावरको रजगज



**तेज बन/मध्यान्ह**
इटहरी, १५ चैत

सम्बन्धित सरोकारवालाहरुले नियमित अनुगमन र चासो नराख्दा इटहरीमा अवैध म्यानपावरहरु खुल्ने र उनीहरुको बोलवाला चल्ने क्रम बढ्दो छ । वैदेशिक रोजगार संघ सुनसरीका अनुसार आर्थिक वर्ष २०७७/०७८ मा इटहरीमा ७३ वटा म्यानपावरका शाखाहरु सञ्चालनमा रहेकोमा हाल उक्त संख्या २ सय १५ भन्दा बढी पुगेको छ ।

सञ्चालनमा रहेका अधिकांश शाखाहरु वैदेशिक रोजगार ऐन र नियमावलीको व्यवस्थाअनुसार चलेका छैनन् । इटहरीको धरान रोडमा मात्रै म्यानपावर कम्पनीका ४२ वटा शाखा सञ्चालनमा छन् । गत वैशाख दोस्रो साता वैदेशिक रोजगार विभाग, श्रम कार्यालय विराटनगर, जिल्ला प्रसाशन कार्यालय >>> पृष्ठ २ मा

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SANJAY KUMAR TIWARI TECHNICAL SERVICES LLC

पूर्व स्वीकृत मिति: २०८०/१२/१५ चलानी नं.: ६०२१७५१९ LT. No.: 302724 शहर : DUBAI

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electrician | 10 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | F-carpernter | 10 | 0 | | 1200 | ४३,५०० | | | | | | | |
| 3. | Mason | 15 | 0 | | 1200 | ४३,५०० | | | | | | | |
| 4. | Steel Fixer/shuttering Carpenter | 30 | 0 | | 1200 | ४३,५०० | | | | | | | |
| 5. | Wall Painter | 15 | 0 | | 1200 | ४३,५०० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० चैत २३ गते (5 April 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

SGMC
Gov. Lic No. 1219/074/075

SHERMAN GLOBAL MANAGEMENT CONSULTANTS PVT. LTD.
(साविक सुर्खेत ओभरसिज प्रा.लि)

Sinamangal-9, Kathmandu | Tel: 4573705 | 4594457
Email: info@shermanconsultants.com/ hr@shermanconsultants.com
Phone:9851235143, 9803636760, 9858034684, 9869120271, 9815333278, 9860528710

## युएईमा वैदेशिक रोजगारको अवसर

FIBREX Construction Group since 1972

कम्पनी: FIBREX LLC शहर: UAE

पूर्व स्वीकृत मिति: २०८०/११/१३ चलानी नं.: ६०२१५४७९ L.T. No.: 300594

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Aluminium Fabricator | 300 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Building Labourer | 150 | 0 | | 800 | २९,००० | | | | | | | |
| 3. | House Builder | 400 | 0 | | 800 | २९,००० | | | | | | | |
| 4. | Steel Fixer | 150 | 0 | | 1200 | ४३,५०० | | | | | | | |

अन्तर्वार्ता पिआइटि ट्रेनिङ सेन्टर, जनकपुरमा २०८० चैत २३ गते (5 April 2024) मा हुनेछ ।
अन्तर्वार्ता लुम्बिनी स्कील डेभेलपमेन्ट ट्रेनिङ सेन्टर, बुटवलमा २०८० चैत २४ गते (6 April 2024) मा हुनेछ ।
अन्तर्वार्ता सुनसरी मल्टिपल ट्रेनिङ सेन्टर, मोरङमा २०८० चैत २५ गते (7 April 2024) मा हुनेछ ।
अन्तर्वार्ता झापा ट्रेक्निकल सेन्टर, विर्तामोडमा २०८० चैत २६ गते (8 April 2024) मा हुनेछ ।
अन्तर्वार्ता ओशो ट्रेनिङ सेन्टर, नेपालगंजमा २०८० चैत २७ गते (9 April 2024) मा हुनेछ ।
अन्तर्वार्ता जब ओरियन्टेसन ट्रेनिङ सेन्टर, काठमाडौंमा २०८० चैत २८ गते (10 April 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

ADVANCED MANAGEMENT CONSULTANTS
"manpower supply & recruitment consultant"
Govt. License No.: 1470/074 /075
TOP1 (FY 2020-2021) TOP 11 (FY2021-2022) ISO 9001:2015

एडभान्स्ड म्यानेजमेन्ट कन्सल्टेन्स प्रा.लि.
Samakhushi-26, Kathmandu, Nepal 01-4964211, 4974211
info@amgroup.com.np www.amgroup.com.np
Talk with AMC Representative 9801080183, 9801029663, 9801044493, 9801021737 9801080059, 9801044492, 9817002440, 9801080096

# हरिप्रसाद लम्साल सचिवमा बढुवा

**काठमाडौं/मस-** सरकारले सहसचिव डा.हरिप्रसाद लम्साललाई सचिव पदमा बढुवा गरेको छ। बिहीबार बसेको मन्त्रिपरिषद्को बैठकले बढुवा समितिले सिफारिस गरेका ३ जनामध्येबाट लम्साललाई सचिव पदमा बढुवा गर्ने निर्णय गरेको हो।

लोक सेवा आयोगका अध्यक्ष माधवप्रसाद रेग्मीको अध्यक्षतामा बसेको बढुवा सिफारिस समितिको बैठकले तीनजना सहसचिवहरू डा. हरि लम्साल, केदारनाथ शर्मा र लोकनाथ पौडेलको नाम सिफारिस गरेको थियो। लम्साल सुदूरपश्चिम प्रदेश सरकारका कायमुकायम (कामु) प्रमुख सचिवको जिम्मेवारीमा रहेका थिए।



यस्तै बैठकले नेपाल पर्यटन बोर्डको कार्यकारी समितिको रिक्त ३ सदस्य पदमा ऋषिराम भण्डारी, राजेन्द्रबहादुर लामा र रामप्रसाद सापकोटालाई मनोनयन गर्ने निर्णय गरेको छ। त्यसैगरी बैठकले संविधानको धारा ५३ एवम् सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४१ बमोजिम तयार गरिएको सरकारको आर्थिक वर्ष २०७९/८० को वार्षिक प्रतिवेदनलाई स्वीकृत गरी राष्ट्रपतिसमक्ष पेश गर्ने निर्णय पनि गरेको छ। यस्तै बैठकले चालु आर्थिक वर्ष २०८०-८१ को लागि १८ प्रतिशतसम्म चिस्यान भएको चैते धानको प्रतिक्विन्टल दुई हजार ७०७ रुपैयाँ २८ पैसा न्यूनतम समर्थन मूल्य तोक्ने निर्णय गरेको छ भने १८ प्रतिशतभन्दा बढी चिस्यान भएको चैते धानको हकमा एक प्रतिशत चिस्यानका लागि प्रतिक्विन्टल १२०० ग्रामका दरले हुन आउने तौल घटाई कायम हुन आउने तौलका आधारमा न्यूनतम समर्थन मूल्य कायम गर्ने निर्णय गरेको छ।

**एमडीएमएसमा...**

डिजिटल इण्डियालाई पनि प्रतिवादी बनाइएको छ। अभियोगपत्रमा न्यूमेराका अध्यक्ष मोहम्वद नुर अमिन विन मोहम्वद नुर खान, वार्तामा संलग्न मोहम्वद शिहाव विन कुन्ही मोहम्वद, चिफ अपरेसन अफिसर अनुज सिंह, प्रडक्ट स्पेसलिष्ट जमील अमिदको नाम किटान गरिएको छ। अर्को साझेदार नमस्ते ग्लोबल प्रा.ली.का निर्देशक कबिन्द्र राज मल्लविरुद्ध पनि मुद्दा दायर गरेको हो।

**महालेखाको क्लु !**

महालेखा परीक्षकको कार्यालयको ६१औं प्रतिवेदन आउने अन्तिम तयारी भइरहेको छ। सार्वजनिक हुन लागेको प्रतिवेदनले दिएको गोप्य प्रमाणका आधारमा अख्तियारले अभियोगपत्र दायर गरेको स्रोतले बताएको छ। महालेखा परीक्षकको कार्यालयका एक उच्च अधिकारीकाअनुसार केही वर्षदेखि महालेखाले पटकपटक एमडीएमएसमा समस्या आएकोमा अहिलेको लेखा परीक्षणले संलग्नहरूको नाम नै तोकेको हो। ती अधिकारीले भने, '६० औं प्रतिवेदनमा पनि एमडिमएसको डिजाइन, सप्लाइ, इन्स्लेसन, अपरेसन, कमिसनिङ लगायत विषयमा अनियमितता भएको आशंका गरी तत्काल कार्यसम्पन्न गराउनु भनेको थियो। यो पाली त्यसमा अझैं डिटेल भेटिएको छ।'

यसअघि गत चैतमा आएको ६०औं प्रतिवेदनअनुसार प्राधिकरणको आर्थिक वर्ष २०७८/०७९ सञ्चालन नाफा १ अर्ब ४३ करोड ५४ लाख ४८ हजार रुपैयाँसहित सो वर्षसम्मको सञ्चित नाफा १४ अर्ब ४६ करोड १२ लाख ८९ हजार रुपैयाँ रहँदा पनि बक्यौता रकम, एमडीएमएस र टेरामक्स परियोजना, सेवा शुल्क लगायत विषयमा प्राधिकरणको भूमिका माथि एक दर्जनभन्दा बढी प्रश्न उठाएको थियो। सो प्रतिवेदनले एमडिएमएस प्रणाली मोबाइल डिभाइस सुरक्षित गर्न, अवैध मोबाइल आयात नियन्त्रण गर्न, सप्लाइ, इन्स्टलेसन, कमिसनिङ र अपरेसनसमेत खरिद गर्न एक अन्तर्राष्ट्रिय २०७६ मंसिर १७ भित्र सम्पन्न गर्ने र पाँच वर्षसम्म प्राविधिक सहायता गर्ने गरी २०७६ असार १९ मा ७० लाख ६६ हजार ८ सय ८८ अमेरिकी डलर सम्झौता भएकोमा हालसम्म १४ लाख ११ हजार १ सय ७८ डलर भुक्तानी भएको प्रतिवेदनले देखाएको थियो। तोकिएको अवधिभित्र काम सम्पन्न नभई पटक-पटक म्याद तोकिएकोमा उक्त अवधिभित्र पनि सम्झौताअनुसार हार्डवेयर खरिद तथा जडान कार्य सम्पन्न नभएको र पटक-पटक म्याद थप गर्दा पनि हुने ढिलाइका कारण तोकिएको अवधिभित्र काम सम्पन्न नगरेकाले प्रचलित कानुन र सम्झौताबमोजिम पूर्वनिर्धारित क्षतिपूर्ति लिई कार्य सम्पन्न गराउन ६० औं प्रतिवेदनले ध्यानाकर्षण पनि गराएको थियो।

**विवादको जड**

अवैध रूपमा मोबाइल फोन बजारमा आउँदा सरकारले ठूलो हिस्सा राजस्व गुमाउनुपरेको र अपराधका घटना पनि छानबिनमा समस्या आएपछि लामो समयदेखि एमडीएमसको विषय उठ्दै आएको थियो। यही विषयको सम्बोधन गर्ने भन्दै नेपाल दूरसञ्चार प्राधिकरणले भन्दै सरकारले आर्थिक वर्ष २०७१/७२ को बजेट वक्तव्यमा एमडिएमएसको विषय समेटेको थियो। १ साउन २०७२ देखि प्रणाली कार्यान्वयन गर्न तयारी भएको थियो, तर विभिन्न कारण ढिला भई २०७५ मा मात्रै प्रक्रिया अघि बढ्यो। सोही अनुरुप प्राधिकरणले २०७६ असार तेस्रो साता एमडिएमएस स्थापना र सञ्चालनका लागि मलेसियाको न्युमेरा एसडिएन बिएचडी, भारतको ओएसआई कन्सल्टिङ प्रालि र सिंगापुरको नमस्ते ग्लोबल कम प्रालिको (ज्वाइन्ट भेन्चर) मा ७६ करोड ८० लाख २९ हजार ३८७ मा ठेक्का सम्झौता गऱ्यो। सोही सम्झौताअनुसार ठेकेदारले गत वर्ष मात्रै डिभाइस नेपाल भित्र्याएपछि कार्यान्वयनमा आएको घोषणा सरकारले गत वर्ष नै गरेको थियो। जसअनुसार बैधानिक रूपमा नेपाल भित्रिएका फोनको आईएमईआई नम्बर सिस्टममा दर्ता गराउने र फोन हराउँदा ट्र्याक गर्न सहज हुने बताइएको थियो। तर सिस्टमले पूर्ण रुपमा काम गर्न समय लाग्ने बताइएको थियो। सोही सिस्टम सञ्चालनमा आउन पनि नसकेको र भएको काममा भ्रष्ट्राचार भएको अभियोग प्रतिवादीलाई छ। अहिले सरकारले मोबाइल फोनलाई भन्सार निःशुल्क गरे पनि फोन किन्दा ग्राहकले १३ प्रतिशत मूल्य अभिवृद्धि कर 'भ्याट' र २.५ प्रतिशत अन्तःशुल्क गरी १५.५ प्रतिशत राजश्व तिर्ने गरेका छन्।

**हानेपाको...**

नेपाली पार्टीले समर्थन गरेपछि बहुमत पुगेको छ। बहुमतका लागि तीन दलले हाम्रो नेपाली पार्टीसँग समेत संयुक्त सहमति गरेका हुन्। हाम्रो नेपाली पार्टीसँग सहमति भएसँगै बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले मन्त्रिपरिषद् पुनर्गठन गरेका छन्। प्रदेश प्रमुखको कार्यालयका अनुसार जम्कट्टेलले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित आर्थिक मामिला तथा योजना मन्त्रालय, उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, खानेपानी, ऊर्जा तथा सिँचाई मन्त्रालय र स्वास्थ्य मन्त्रालयको जिम्मेवारी समालेका छन्। यस्तै गंगा नारायण श्रेष्ठलाई आन्तरिक मामिला तथा कानुन मन्त्रालय, कुमारी मुक्तानलाई सामाजिक विकास मन्त्रालय, युवराज दुलाललाई भौतिक पूर्वाधार विकास मन्त्रालय, डा. राजेन्द्रमान श्रेष्ठलाई कृषि तथा पशुपन्छी विकास मन्त्रालय, लक्ष्मण लम्साललाई श्रम, रोजगार तथा यातायात मन्त्रालय र शैलेन्द्र मान बज्राचार्यलाई संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयको जिम्मेवारी तोकिएको छ। कहाम्रो नेपाली पार्टीका बज्राचार्यले बिहीबार मात्रै मन्त्रीको शपथ लिएका हुन्।

**टीआरसीमा...**

छलफल भएको छ। प्रधानमन्त्रीले देउवासमक्ष राष्ट्रिय मुद्दाहरूमा मिलेर अघि बढ्नुपर्ने प्रस्ताव पनि गरेका छन्। तर सभापति देउवाले प्रधानमन्त्री प्रचण्डलाई ठोस् जवाफ दिएका छैनन्। बरु टीआरसीमा नरम नहुने संकेत कांग्रेसले गरेको नेताहरु बताउँछन्। २५ फागुन २०७९ मा प्रतिनिधि सभामा दर्ता भएको विधेयक शीर्ष नेताहरुको रायमा अड्किएको छ। प्रतिनिधिसभाको कानुन न्याय तथा मानव अधिकार समितिले बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐनलाई संशोधन गर्न बनेको विधेयकमा गम्भीर मानव अधिकार उल्लघंनको परिभाषा लगायत चार वटा विषयमा सहमति जुटाउन बाँकी छ। चार वटै विषयमा समितिले शीर्ष नेताहरको सहमति पर्खिरहेको छ। विगतमा प्रतिपक्षमा रहेर एमालेले साथ नदिएको भनी माओवादीका कतिपय नेताहरुले आलोचना गर्ने गर्दथे। यसपटक त्यस्तो हुन नहुने माओवादी नेताहरुको अपेक्षा छ। तर बिहीबारको भेटमा कांग्रेस सभापति देउवाले टीआरसीमा नरम नहुने संकेत गरेको बताइन्छ। प्रधानमन्त्री प्रचण्ड र कांग्रेस सभापति देउवाको बीचमा भेट भएको केही घण्टा पछि सम्पादकहरूसँगको भेटमा कांग्रेसका नेता डा. शेखर कोइरालाले प्रधानमन्त्री प्रचण्डले सोचे आफ्नो दल टीआरसीमा लचिलो नहुने बताएका छन्। टीआरसीमा कांग्रेस लचिलो छँदैछ, एमालेलाई सहमत गराउन सकिएमा संसदबाट टीआरसी पास हुन सक्छ भन्ने सोचले प्रचण्डले कांग्रेस छाडेको हुन सक्ने आफ्नो बुझाइ रहेको उल्लेख गर्दै डा. कोइरालाले भनेका छन्, 'टीआरसीमा प्रचण्डजीले सोचे जस्तो कांग्रेस लचिलो हुनै सक्दैन।'

**इलाम...**

उम्मेदवारी घोषणा गरेका थिए। स्वतन्त्र उम्मेदवार हुने घोषणा गरेको भएता पनि रास्वपाले पार्टीका तर्फबाट आधिकारिक उम्मेदवार बनाउने भएपछि लिम्बू रास्वपाबाट चुनाव लड्न तयार भएका हुन। रास्वपाले संघीयता र पहिचानको मुद्दामा प्रतिवद्धता जनाएपछि आफूले उक्त पार्टीको प्रस्ताव स्वीकार गरेको पनि लिम्बूले बताएका छन्। रास्वपाले प्रदेश संरचनाको विरोध गर्दै आएको छ भने सुदूरपश्चिम प्रदेश सभा सदस्यका लागि आगामी वैशाख १५ गते हुने उपनिर्वाचनका लागि बझाङ १ मा उम्मेदवार नउठाउने निर्णय लिएको छ।

**इजरायलमा...**

कामदार पठाउन दिइसकेको अनुमतिलाई वर्तमान मन्त्रीले 'होल्ड' गरेपछि रोजगारीका लागि इजरायल आउन चाहना भएका धेरै नेपालीहरु अहिले निराश भएको उनीहरुको भनाइ छ। म्यानपावर कम्पनीबाट जाने प्रक्रिया रोक्दा तत्कालका लागि कम ज्ञान भएका कामदारलाई अनेकौं प्रलोभनमा पार्ने दलालबाट बचाउन सकिने भएपनि नेपाली म्यानपावर कम्पनीबाट पठाउने प्रक्रिया रोकिए नेपाली कामदारहरु भारतीय पासपोर्ट बनाएर पचास लाखसम्म खर्च गरी भारतको अवैधानिक बाटो हुँदै इजरायल पुग्ने उनीहरुको भनाइ छ। हालपनि ३२ देखि ५२ लाख रुपैयाँ तिरेर भारतीय भूमि हुँदै हजारौंको संख्यामा नेपालीहरु इजरायल पुगेको उनीहरुले बताएका छन्।

नेपाल सरकारको सरकारीस्तरबाट इजरायलमा कामदार पठाउने विषय कागजमा मात्रै सीमित हुने उनीहरुको दाबी छ। सरकारले मात्रै पठाउने भन्ने वर्तमान मन्त्री अर्यालको दृष्टिकोणप्रति असहमति जनाउँदै उनीहरुले भनेका छन्, 'राजनीतिक अस्थिरताका कारणले ६/६ महिनामा मन्त्रिपरिषद् र मन्त्री फेरिने, नयाँ आउने मन्त्रीले पुरानो निर्णयलाई खारेज गर्ने नेपालको दुश्चक्र परिवर्तन हुने अवस्था छैन।' सन् २०२१ मा शुरुवात गरिएको जीटुजी मोडलबाट हालसम्म १ हजार १ सय ७५ जना नेपाली मात्र इजरायल आएको भन्दै खिचातानी नगरी नेपालीको रोजगारीको प्रबन्ध गर्न पनि उनीहरुको आग्रह छ। एक महिनाको तलब २ लाख रुपैयाँ हुने इजरायल राम्रो कमाइ र महिलाहरुका लागि सुरक्षित गन्तव्य मानिएको छ। हाल भियतनाम, थाइल्याण्ड, श्रीलंका र भारतलगायतका मुलुकबाट मात्र १० हजार बढी कृषि र कन्स्ट्रक्सनमा कामदारहरु गइसकेका छन्।

गत अक्टुबर ७ तारिकमा गाजापट्टी र इजरायलको सिमानामा हमासका लडाकुले आक्रमण गर्दा हालसम्म ११ सय बढी इजरायली र १० जना नेपाली विद्यार्थीको ज्यान गएको छ। युद्ध अहिले पनि गाजाका भित्रि भाग र लेबनानको सिमानामा जारी नै छ। तर इजरायलभित्र अक्टुबर ७ पछि कसैको पनि मृत्यु भएको छैन। इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले अक्टुबर ७ मा अपहरणमा परेका १ जना नेपालीसहित १ सय ३४ जना इजरायली बन्दीको रिहाइ नभएसम्म युद्धविराम नहुने अडान राखेका छन्। त्यसले सिमानामा लडाइँ अझै लामो समय हुने संकेत देखिएपनि इजरायलभित्र कुनै समस्या नरहेकाले नेपाली कामदार पठाउने विषयमा अलमल गर्न नहुने भनाइ हाल इजरायलमा कार्यरत उदयपुरकी माया घले बताउँछिन्।

**इटहरीमा...**

सुनसरीलगायतले संयुक्त अनुगमन गर्दा इटहरीमा अधिकांश म्यानपावर अवैध ठहरिएका थिए। ९ वटा म्यानपावरमा अनुगमन गर्दा ५ वटा अवैध भेटिएको थियो भने ३ वटामा शिल नै गरिएको थियो।

वैदेशिक रोजगार विभागका तत्कालीन निर्देशक कृष्णप्रसाद भुसालको नेतृत्वमा इटहरीको धरान रोड, विराटनगर लाइन, टेंग्रा पारी, गोरखा गल्लीलगायतका स्थानमा सञ्चालित म्यानपावरका शाखाहरुमा अनुगमन गरिएको थियो। अनुगमनकै क्रममा महेश थापाद्वारा सञ्चालित एड्भान्स म्यानपावर, विदुर गुरुङको वर्ल्ड एण्ड वर्ल्ड म्यानपावर, टिकाराम घिमिरेले सञ्चालन गरेको डिलक्स परी म्यानपावर, मोभिरा एचआर ओभरसिज र ब्रिज स्काइ इन्टरनेशनलमा ताला लगाइएको थियो। जसमा मोभिरा एचआर र ब्रिज स्काइ इन्टरनेश्नलमा शिल नै गरिएको थियो। त्यस्तै २०७८ असारमा अनुगमन हुँदा पनि मोभिरामा ताला लगाएर विभाग बोलाइएको थियो। एक वर्षअघि शिल भएका ती म्यानपावर कम्पनीका शाखाहरु अहिले पनि निर्वाधरुपमा सञ्चालन भइरहेका छन्। अनुगमन आउँदा साइनबोर्ड हटाउने र कार्यालयमा ताला लगाउने, तर विभागको टोली गएलगत्तै पहिलेजस्तै अवैधानिक शाखाहरु वैधानिक सरह सञ्चालन गर्ने गरिएको एक म्यानपावर कम्पनीका शाखा सञ्चालक बताउँछन्।

वैदेशिक रोजगार संघ सुनसरीका अध्यक्ष दुर्गा थापाले इटहरीमा अवैध म्यानपावरका कारण आफूहरुजस्ता वैधानिकलाई काम गर्न अप्ठ्यारो भइरहेको बताए। संघका अध्यक्ष भक्त लामा इटहरी वडा नं ४ को वडाध्यक्षमा निर्वाचित भएपछि थापालाई संघको जिम्मेवार दिइएको थियो। थापाले पटक-पटक अनुगमन गर्दा पनि नसुध्रिने अवैधानिकरुपमा व्यवसाय गर्नेहरुलाई कानूनसम्मत सजाय दिनुपर्ने माग गरे। उनले अवैधानिकरुपमा सञ्चालनमा रहेकाहरुका कारण वैधानिक शाखाहरु बदनाम हुने गरेको बताउँदै त्यस्ता गैरकानूनी व्यवसाय गर्नेहरुलाई राज्यले कानूनको दायरामा ल्याउनुपर्ने बताए। यता वैदेशिक रोजगार विभागका अनुगमन अधिकृत चक्रबहादुर श्रेष्ठले इटहरी मात्र नभइ कोशी प्रदेशमै अवैधानिक शाखा सञ्चालनको गुनासो आइरहेको बताए। उनले नियमितरुपमा अनुगमन गर्ने बताउँदै कोशी प्रदेशमा मात्र गत आर्थिक वर्षमा २ सय ६३ भन्दा बढी अवैधानिकरुपमा रहेका म्यानपावर कम्पनीका शाखाहरुलाई कारबाही गरिएको जानकारी दिए। अधिकृत श्रेष्ठले इटहरीको हकमा शिल गरिसकेको म्यानपावरका शाखा सञ्चालन भएको पाइए कानूनबामजोमि कारबाही गरिने बताए।

**ठगिँदै सर्वसाधारण**

इटहरीमा बाहिर एउटा बोर्ड राखेर भित्र अर्कै नाममा सञ्चालन हुने म्यानपावरका शाखाहरु पनि थुप्रै रहेको देखिएको छ। यस्ता म्यानपावरहरुका कारण युवायुवती ठगिने क्रम बढेको श्रम कार्यालय इटहरीले बताएको छ। अघिल्लो वर्ष २६ हजार युवायुवतीहरु ठगिएको उक्त कार्यालयको भनाइ छ। इटहरी चारैतिरको संगम स्थल भएकै कारण विशेषगरी पहाडी जिल्लाबाट आएका युवा युवतीहरु बढी ठगिने गरेको उक्त कार्यालयले बताएको छ। अनुगमनकै क्रममा अधिकांश शाखाहरुले हुँदै नभएको अरु विदेशी कम्पनीको डिमाण्ड देखाएर सूचना निकाल्दै सर्वसाधारणलाई ठग्ने गरेको भेटिएको बताइएको छ। वैदेशिक रोजगार संघ सुनसरीका पूर्वअध्यक्ष तथा इटहरी ४ का वडाध्यक्ष भक्त लामाका अनुसार राज्यबाटै वैदेशिक रोजगार व्यवसायहरुका लागि ठोस कानून नहुँदा ठगीको समस्या देखिएको बताए। उनले अवैध शाखाहरुलाई उचित कारबाही नभएका कारण ठगी बढेको बताए।

इटहरीमा सञ्चालित म्यानपावर शाखाहरुबाट फ्रि भिसा र टिकटको सहुलियत नपाएको कतिपयको गुनासो छ। सरकारले खाडी मुलुकहरु साउदी, कतार, मलेसियालगायतमा फ्रि भिसा, फ्रि टिकटको घोषणा गरेपनि सो निर्णय कार्यान्वयन नगर्दा चर्को मूल्य तिर्नु परिरहेको सर्वसाधारणले गुनासो गरेका छन्।

# माओवादी केन्द्र जुम्लाद्वारा स्थानीय तह सञ्चालन संयोजन समिति गठन

**दिलमाया शाही/मध्यान्ह**
जुम्ला, १५ चैत

नेकपा (माओवादी केन्द्र) जुम्लाले स्थानीय तह सञ्चालन, संयोजन समिति गठन गरेको छ। माओवादी केन्द्र जुम्लाको बैठकले स्थानीय तहमा विकास निर्माण कामहरु प्रभावकारी रुपमा भए/नभएको निगरानी गर्न स्थानीय तह सञ्चालन संयोजन समिति गठन गरेको हो।

नेकपा (माओवादी केन्द्र जुम्लाले जुम्लाका सबै स्थानीय तहमा तीन महिने अभियान सञ्चालन गर्ने भएको छ। जसअन्तर्गत्त स्थानीय तह सञ्चालन संयोजन समिति गठन गरेको हो। पार्टी संयोजक नवराज न्यौपानेका अनुसार सिँजा गाउँपालिका अध्यक्ष पूर्णप्रसाद धिताल संयोजक र तिला गाउँपालिका अध्यक्ष मोतिलाल रोकाया सहसंयोजक रहेको ११ सदस्यीय सञ्चालन तथा संयोजन समिति गठन गरिएको छ।

नेकपा माओवादी केन्द्रका जिल्ला संयोजक नवराज न्यौपाने (विमुखले) निर्वाचित जनप्रतिनिधिहरुले थप प्रभावकारी रुपमा काम गर्नका लागि हरेक पालिकाको प्रतिनिधित्व गरेर समिति गठन गरिएको बताए। उनका अनुसार समितिका सदस्यहरुमा पातारासी गाउँपालिकाका उपाध्यक्ष जनमाया रोकाया, तातोपानी गाउँपालिका उपाध्यक्ष रेवति रावल, सिँजा गाउँपालिका उपाध्यक्ष सितली रोकाया, वडाध्यक्षहरु (क) विर्ख कार्की सदस्य चन्दननाथ, धनविरे रोकाया हिमा, तनजन हमाल कनकासुन्दरी सदस्य र कमल महत गुठिचौर रहेका छन्। यसैगरी माओवादी केन्द्र जुम्लाले रिक्त सचिव पदमा नविन्द्रराज शर्मालाई नियुक्त गरिएको छ।

बुधबार सम्पन्न पार्टी प्रशिक्षण तथा बैठकमा वार्षिक कार्ययोजना समेटिएको वार्षिक क्यालेन्डर प्रकाशन गर्ने, पालिकास्तरीय बैठक तथा प्रशिक्षण कार्यक्रम गर्ने बताइएको छ। बैठकले तीन महिने जनतासँग जनप्रतिनिधि र जनवर्गीय कार्यक्रम अन्तर्गत गुठीचौर गापा चैत्र १५ गते, चन्दननाथ नपा चैत्र १६ गते, कनकासुन्दरी गापा चैत्र १८ गते, सिंजा गापा चैत्र १८ गते, हिमा गापा चैत्र १७ गते, तिला गापा चैत्र २१ गते, तातोपानी गापा चैत्र २२ गते र पातारासी गापा चैत्र २३ गते हुने भएको छ।

यसैगरी माओवादीबाट प्रतिनिधित्व गर्ने जनप्रतिनिधिहरुले पार्टीबाट प्रतिनिधित्व गर्ने संघीय सांसद, पालिका अध्यक्ष, उपाध्यक्ष र वडाध्यक्षहरुले हाल सम्म सम्पादन गरेका कार्यहरु र जनताका सुझावहरु, सीमा समस्याहरु लिपीवद्ध गरी चौमासिक प्रतिवेदन चौमासिक पेश गर्नुपर्ने भएको निर्णय भएको र काम अनुसार जनप्रतिनिधिलाई प्रोत्साहन गरिने भएको छ।

पार्टीले आफुले गरेका कामहरु पत्रकार भेटघाट गरी जानकारी दिने भएको छ। २०८० चैत २८ गते प्रदेश (क) र २९ गते प्रदेश (ख) अन्तरगत जिल्लास्थित पार्टीको नेतृत्वमा रहेका वडापालिकाहरुमा र चैत ३० गते पालिकाहरुमा एक साथ पत्रकार सम्मेलन आयोजना गरी हालसम्म सम्पन्न भएका प्रमुख कार्यहरु र भावी प्रमुख कार्यहरु सार्वजनकि गर्ने निर्णय भएको संयोजक न्यौपानेले बताए।



यसैगरी माओवादी जुम्लाले २०८१ असार १२ गते एक साथ वडा अधिवेशनहरु सम्पन्न गर्ने र २०८० चैत २५ गतेबाट २०८१ वैशाख १५ गतेसम्म नविकरण तथा सदस्यता वितरण गरी सक्नुपर्ने छ। जिल्ला इन्चार्ज तथा केन्द्रीय सदस्य नरेश भण्डारीले नेकपा माओवादी केन्द्रबाट प्रतिनिधित्व गर्ने जनप्रतिनिधिले ठोस र महत्वपूर्ण काममा जोड दिनुपर्ने बताए। उनका अनुसार जुम्लामा कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान शिक्षण अस्पताल जस्ता संस्थाहरु स्थापना गरिएको बताउँदै ठोस काममा जनप्रतिनिधि लाग्नुपर्नेमा दिने बताए।


## कतारमा रोजगार | कम्पनी: RANGERS SECURITY SERVICES
शहर: Qatar, Doha

पूर्व स्वीकृत मिति: २०८०/१२/१५ चलानी नं.: ६०२१७५२७ LT. No.: 302715

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Guard | 9 | 0 | स. काममा दक्ष | 1500 | ५४,७५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० चैत २३ गते (5 April 2024) मा हुनेछ।

Diamond Star Overseas Pvt. Ltd.
Lic. No. 1353/074/075
Buddhanagar-10, Kathmandu, Nepal. PH: 01-4796680, 9818429557, 9809402086

## Qatar मा रोजगार | Texas International

पूर्व स्वीकृती मिति: २०८०/१२/१४ चलानी नं.: ६०२१७४९५ LT No.: 302599

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Supervisor | 0 | 3 | काममा दक्ष | 2500 | ९१,४९९।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | | २ वर्ष |
| २. | Representative | 1 | 0 | | 2200 | ८०,५१९।- | | | | | | | |
| ३. | Labour | 5 | 0 | | 1000 | ३६,६००।- | | | | | | | |
| ४. | Carpenter | 9 | 0 | | 1100 | ४०,२६०।- | | | | | | | |
| ५. | Secretary | 0 | 1 | | 2100 | ७६,८६०।- | | | | | | | |
| ६. | Consultant | 2 | 0 | | 2200 | ८०,५१९।- | | | | | | | |
| ७. | Driver | 5 | 0 | | 1400 | ५१,२४०।- | | | | | | | |
| ८. | Executive Sales | 0 | 1 | | 2100 | ७६,८६०।- | | | | | | | |
| ९. | General Consultant | 3 | 0 | | 2100 | ७६,८६०।- | | | | | | | |
| १०. | Legal Consult (Gen) | 1 | 0 | | 2200 | ८०,५१९।- | | | | | | | |
| ११. | Mason | 4 | 0 | | 1100 | ४०,२६०।- | | | | | | | |
| १२. | Executive Secretary | 0 | 1 | | 2500 | ९१,४९९।- | | | | | | | |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले ब्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले ब्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले ब्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००/- कामदार आफैले | रु. ७००/- कामदार आफैले | निःशुल्क |

अन्तरवार्ता २०८० चैत २३ गते (5 Apr., 2024) यस प्रा. लि. को कार्यालय पुल्चोक, ललितपुरमा हुनेछ।

यूनाईटेड ईन्टरनेशनल म्यानपावर प्रा. लि.
श्रम ईजाजत नं.: ८३४/०६०/०६१
पुल्चोक, ललितपुर, फोन.: ०१-५१५३३३०, ५१५३३३२, Email : documentunitedmanpower434@gmail.com

## साउदीमा रोजगार | कम्पनी: AL MAWARID RECRUITMENT COMPANY
शहर: Saudi Arabia, Riyadh

पूर्व स्वीकृत मिति: २०८०/११/२९ चलानी नं.: ६०२९६४४५ L.T. No.: 301404

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Worker | 33 | 0 | स. काममा दक्ष | 1000 | ३५,४९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० चैत २३ गते (5 April 2024) मा हुनेछ।

अल समिट म्यानपावर प्रा.लि.
सामाखुसी, टाउनप्लानिङ, काठमाडौं, फोन नं: ४३८३२२२, ४३८४८८८, ४३८६९४८, फ्याक्स: नं: ४३८६९६८
Website: www.alsmmc.com E mail: alsamitmanpower495@gmail.com

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी: CLEANCO TRADING, IMPORTING & SERVICES LLC - SOLE PROPRIETORSHIP L.L.C. शहर: UAE
पूर्व स्वीकृत मिति: २०८०/१२/०१ चलानी नं: ६०२९१४२६ L.T. No.: 285975 पुन: विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 98 | 0 | सम्बन्धित काममा दक्ष | 800 | २५,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaner Female | 0 | 106 | | 900 | ३२,८२५ | | | | | | | |

कम्पनी: AL ZUMOROUD TECHNICAL SERVICES शहर: UAE
पूर्व स्वीकृत मिति: २०८०/०८/२१ चलानी नं: ६०२९१७८७ L.T. No.: 295955 पुन: विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 40 | 8 | स. काममा दक्ष | 800 | २५,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय कुपण्डोल, ललितपुरमा २०८० चैत २३ गते (5 April 2024) मा हुनेछ।

AKP
AIR KINGS PLACEMENT PVT. LTD.
Gov. Lic. No. 712/064/065
Kupandole, Lalitpur, Nepal, Tel: 01-5524006, 5427196

## OMAN, KUWAIT र QATAR मा | रोजगारको अवसर

१. कम्पनी: LIYALI HARMOZ शहर: Quriyat
पूर्व स्वीकृत मिति: २०८०/१२/१५ चलानी नं.: ६०२१५८९८ LT. No.: 301912

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | OR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners (Famale) | 0 | 3 | सम्बन्धित काममा दक्ष | 120 | ४१,५३३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaners (Male) | 23 | 0 | | 100 | ३४,६११ | | | | | | | |

२. कम्पनी: BEAUTY WORKS WOMENS HEALTH SALON COMPANANY & INSTITUTE शहर: Kuwait
पूर्व स्वीकृत मिति: २०८०/१२/१५ चलानी नं.: ६०२१५४६८ LT. No.: 300438

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | KD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hairdresser/stylist | 0 | 10 | सम्बन्धित काममा दक्ष | 150 | ६४,९१४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Nail Technician | 0 | 10 | | 150 | ६४,९१४ | | | | | | | |
| 3. | Salon Cleaner | 0 | 5 | | 90 | ३८,९४८ | | | | | | | |
| 4. | Salon Receptionist | 0 | 5 | | 130 | ४३,२७६ | | | | | | | |

३. कम्पनी: KITCHEN CLOUD RESTAURANT / SHAWERMA AZIZ RESTAURANT शहर: Kuwait
पूर्व स्वीकृत मिति: २०८०/१२/१५ चलानी नं.: ६०२१५४६८ LT. No.: 30188

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | KD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | BURGER MAKER | 5 | 0 | सम्बन्धित काममा दक्ष | 130 | ५६,२५९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaners (Indoor) | 10 | 0 | | 90 | ३८,९४८ | | | | | | | |
| 3. | Kitchen Helpers | 10 | 0 | | 110 | ४७,६०४ | | | | | | | |
| 4. | PASTRY MAKER | 6 | 0 | | 140 | ६०,५८६ | | | | | | | |
| 5. | Salad Maker | 5 | 0 | | 140 | ६०,५८६ | | | | | | | |

४. कम्पनी: AL RAYYAN RESTAURANT MANAGEMENT शहर: Qatar
पूर्व स्वीकृत मिति: २०८०/१२/१५ चलानी नं.: ६०२१६४५७ LT. No.: 301500

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bell Man | 0 | 5 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Coffee Cook | 0 | 2 | | 1500 | ५४,७५० | | | | | | | |
| 3. | Cooker | 3 | 0 | | 1500 | ५४,७५० | | | | | | | |
| 4. | Dry Clean Worker | 0 | 3 | | 1100 | ४०,१५० | | | | | | | |
| 5. | General Clean Worker | 3 | 0 | | 1000 | २४,००० | | | | | | | |
| 6. | Gril Chick Maker | 3 | 0 | | 1500 | ५४,७५० | | | | | | | |
| 7. | Labour | 2 | 2 | | 1000 | ३६,५०० | | | | | | | |
| 8. | Porter | 3 | 0 | | 1200 | ४३,८०० | | | | | | | |
| 9. | Sandwich Maker | 3 | 0 | | 1500 | ५४,७५० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० चैत २३ गते (5 April 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

Mobhira Recruitment Consultancy services (P.) Ltd.
श्रम इजाजत नं. १४६९/०७४/०७५
बुढानिलकण्ठ-६, हात्तिगौडा, चक्रपथ, काठमाडौं, नेपाल, फोन: ०१-४३७८८४२, ४३७८९३६, मो.: ९८२३८३७०२०, ९८२३४८६६८२
Email: hr@mobhiraservices.com, Web: www.mobhiraservices.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी: PROFESSIONAL BUSINESS CONTTRACTING EST शहर: Saudi Arabia
पूर्व स्वीकृत मिति: २०८०/१२/१५ चलानी नं.: ६०२१७५१३ L.T. No.: 302735

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 2 | 0 | स. काममा दक्ष | 1800 | ६३,८८२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: KILO AND NOS COMPANY FOR PROVIDING MEALS शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०८०/१२/१५ चलानी नं.: ६०२१७५१४ L.T. No.: 302736

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Labor | 1 | 0 | स. काममा दक्ष | 1000 | ३५,४९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० चैत २५ गते (7 April 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। ... ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

अल-जाफर ईन्टरनेशनल प्रा. लि.
श्रम इजाजत पत्र नं.: ३१८/०५९/०६०
सामाखुसी-२६, टाउनप्लानिङ, काठमाडौं, नेपाल, फोन: ४३९०२२२
Email : info.alzafarnepal@gmail.com, Web.: www.alzafarnepal.com

## SAUDI मा रोजगार | कम्पनी : BZBZAH INTERNATIONAL TRADING COMPANY
शहर : Saudi Arabia, Riyadh

पूर्व स्वीकृत मिति: २०८०/१२/१५ चलानी नं.: ६०२१७५३६ LT. No.:302659

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 9 | 0 | स. काममा दक्ष | 1000 | ३५,४९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : REEF AL AMAL OPERATION AND MAINTENANCE COMPANY शहर : Saudi Arabia, Riyadh
पूर्व स्वीकृत मिति: २०८०/१२/१५ चलानी नं.: ६०२१७५३७ LT. No.:302660

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Unique Trades Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३५,४९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८० चैत २३ गते (5 April 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। ... ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

साउन्डलाईन्स रिक्रुटमेण्ट प्रा.लि.
शाखा कार्यालय:- अतिथि सदन रोड (अतिथि सदन भवनका अगाडि), बिर्तामोड, झापा
Email : nepal@soundlinesgroup.com
CREATING VALUE THROUGH PEOPLE
Branch Office-023-536663 | 9801433027 | 9801433031 | 9801433029

# हराएका उत्तरपुस्तिका छानबिन गर्न समिति गठन



**काठमाडौं/मस–** त्रिभुवन विश्वविद्यालयले उत्तरपुस्तिका हराएको घटनाबारे छानबिन गर्न त्रिभुवन विश्वविद्यालयका पूर्वरजिष्ट्रार प्रा.डा. चन्द्रमणि पौडेलको संयोजकत्वमा तीन सदस्यीय एक उच्चस्तरीय समिति गठन गरेको छ। त्रिभुवन विश्वविद्यालय कार्यकारी परिषद्ले बिहीबार गरेको निर्णयअनुसार उत्तरपुस्तिका हराएकोबारे विस्तृत छानबिन गरी ३० दिन भित्र प्रतिवेदन पेश गर्न उक्त समिति गठन भएको हो । त्रिभुवन विश्वविद्यालयबाट बिहीबार जारी प्रेस विज्ञप्तिमा उक्त समितिबाट प्राप्त प्रतिवेदन उपर छलफल गरी आवश्यक निर्णय लिइने बेहोरा उल्लेख गरिएको छ ।

विसं २०८० वैशाखमा लिएको स्नातक तह प्रथम वर्षको मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तर्गत जनसंख्या तथा स्वास्थ्य विषय (कोड न. ४२२ ) र शिक्षाशास्त्र संकाय तर्फको शिक्षाको आधार विषय (कोड न. ४१२ ) को उत्तरपुस्तिका हराएपछि विश्वविद्यालयले यही चैत २१ गते यी दुई विषयका परीक्षा सञ्चालन हुने गरी सूचना प्रकाशित भइसकेको जानकारी दिइसकेको छ। 'उत्तरपुस्तिका हराएको सन्दर्भमा विभिन्न सञ्चार माध्यममा प्रकाशित/प्रसारित समाचार तथा सम्पादकीय र जनमानसमा उत्पन्न चासो र चिन्ताप्रति त्रिभुवन विश्वविद्यालयको गम्भीर ध्यानाकर्षण भएको छ', विज्ञप्तिमा भनिएको छ, 'उक्त उत्तरपुस्तिका हराएको घटना के कसरी भएको हो भन्ने विस्तृत छानबिन गरी ३० दिनभित्र प्रतिवेदन पेश गर्न त्रिभुवन विश्वविद्यालय कार्यकारी परिषद्को मिति २०८० चैत १५ गतेको निर्णयानुसार त्रिभुवन विश्वविद्यालयका पूर्वरजिष्ट्रार प्रा.डा. चन्द्रमणि पौडेलको संयोजकत्वमा तीन सदस्यीय एक उच्चस्तरीय समिति गठन गरिएको छ। उक्त समितिबाट प्राप्त प्रतिवेदन उपर छलफल गरी आवश्यक निर्णय लिइने बेहोरा अुरोध छ।'

# एमाले उदयपुरको नयाँ कार्यसमिति अध्यक्षमा राउत विजयी

**बिन्द्र राई/मध्यान्ह**
उदयपुर, १५ चैत्र



नेकपा एमाले उदयपुर नयाँ कार्यसमिति अध्यक्षमा भागवत राउत, उपाध्यक्षमा कालुमान लामा विजयी भएका छन् ।

नेकपा एमाले उदयपुरको चैत्र १३ देखि जारी अधिवेशनमा सहमति अनुसार कार्यसमिति टुङ्याउन नसकिएपछि चुनावी प्रतिस्पर्धाबाट कार्यसमिति चयन गर्ने निर्णय भएको थियो । चुनावी प्रक्रियाबाट बिहीबार सम्पन्न मत गणना अनुसार भागवत राउतले ३ सय ४४ मतको साथ अध्यक्ष पद जितेका हुन् । उनका प्रतिद्वन्द्वी परमेश्वर घिमिरेले २ सय ३० मत प्राप्त गरेका छन् ।

उपाध्यक्षमा कालुमान लामा विजयी भएका छन्। उनले १ सय ९२ मत प्राप्त गरेका छन्। उनका प्रतिद्वन्द्वी दिल बहादुर तामाङलाई १ मतले पराजित गरेका छन् ।

अर्का उपाध्यक्ष भरत बहादुर थापाले १ सय ३७ मत प्राप्त गरेका छन् । सचिवमा १ सय ९१ मत ल्याएर टेक बहादुर राउत विजयी भएका छन् ।

उनका निकटतम प्रतिद्वन्द्वी शम्भु पौडेल १ सय ८३ मत र महेश रोकाले १ सय ४० मत ल्याएका छन् ।

सहसचिवमा १ सय ९४ मतका साथ हेम खड्का विजयी भएका छन् । त्यस्तै जीवनाथ दाहालले १ सय ८,मन्दिप राईले ९३, दुर्गानन्द चौधरीले ९३ र धर्म बहादुर तामाङले ४६ मत प्राप्त गरेका छन्। महिलातर्फ गंगा राईले २ सय ६० मत ल्याएर विजयी भएकी छिन् । महेश्वरी राई १ सय ४९ र गीता खड्काको १ सय २५ मत रहेको छ।

# गाउँपालिका अध्यक्षद्वारा लेखा फाँटमा तालाबन्दी

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट,१५ चैत

रौतहट यमुनामाई गाउँपालिकाका अध्यक्ष महमद सउदले लेखा शाखामा तालाबन्दी गरेका छन् ।

नियमित रुपमा लेखपाल कार्यालयमा उपस्थित भएको भन्दै अध्यक्ष सउदले लेखा शाखामा तालाबन्दी गरेका हुन् । लेखापाल नारायण झाको चैत महिनाको हाजिरी समेत गयल गरेको अध्यक्ष सउदले बताए । एक महिनादेखि कार्यालयमा उपस्थित नभइ गौरबाट आर्थिक कारोबार गर्दै आएको अध्यक्ष सउदले आरोप लगाएका छन् । लेखापाल नियमित रुपमा कार्यालयमा आउनुपर्नेमा झाले तानाशाही प्रवृति देखाउने गरेको अध्यक्ष सउदले टिप्पणी गरे । पटक-पटक भन्दा पनि कुनै लेखापालले वास्ता नगर्ने गरेको हुँदा बाध्य भएर ताला लगाएको उनले बताए ।




# एसईई परीक्षाः हुम्लामा २१ परीक्षार्थी अनुपस्थित

**ओबराज शाही/मध्यान्ह**
हुम्ला, १५ चैत

यस वर्षको माध्यामिक शिक्षा परीक्षा(एसईई) मा हुम्लामा २१ जना परीक्षार्थी अनुपस्थित भएका छन् ।

नियामिततर्फ ११ सय ७६ जनाले फारम परेकोमा परीक्षामा २१ जना विद्यार्थी अनुपस्थित भएको शिक्षा विकास तथा समन्वय इकाइका प्रविधि सहायक योगेश आले मगरले जनकारी दिए ।

आले मगरका अनुसार जिल्लाका ६ वटै परीक्षा केन्द्रमा नियमिततर्फ ११ सय ५३ जना परीक्षार्थी सहभागी भएका छन् । यसमा प्रविधि धारका ८१ जना, ग्रेटवृद्धि चार जनाले परीक्षामा सहभागी जनाएका छन् । ग्रेटवृद्धि तीन जना अंग्रेजी विषयमा सहभागी भएनन् । जिल्लाका ६ वटै परीक्षा केन्द्रमध्ये मानसरोवर माध्यमिक विद्यालयमा १ जना, बालमन्दिर माध्यामिक विद्यालयमा ७ जना, हिमज्योति माध्यमिक विद्यालयमा २ जना परीक्षार्थी अनुउपस्थित भएका छन् भने सूर्यदय माध्यमिक विद्यालयमा २ जना, मदना माध्यमिक विद्यालयमा ७ जना र कोट माध्यमिक विद्यालयमा २ जना परीक्षार्थी अनुपस्थित भएका शिक्षा विकास तथा समन्वय इकाइ हुम्लाले जनाएको छ ।

रजिष्ट्रेशन फारम भने ११ सय ९४ जनाले भरेका थिए । जिल्लाका ६ वटै परीक्षा केन्द्रमा शान्त वातावरणमा परीक्षा सञ्चालन भएको छ ।

## कर्मचारी आवश्यकता

खुमलटार युवा क्लवको लागी एक अनुभवी सहायक प्राविधिक (Assistant Technical Director) चाहियो एक हप्ता भित्र सम्पर्क गर्नुहोला ।
सम्पर्क : ९८५१२०९३४५
इमेल: khumaltaryubaclub@gmail.com

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८०/१२/१६**

**बंशल टायर प्रा.लि.**को मिति २०८०/११/०८ गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **बंशल ग्लोबल ट्रेड प्रा.लि. (प्रा.लि. नं.: ३२८०८९)** कायम गर्ने गरी मिति २०८०/११/२१ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

## कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७४/०५/२९ मा दर्ता भएको **प्रा.लि.नं. १७५२२५** को **बानेश्वर हेल्थ केयर सेन्टर प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/१२/१५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## UAE मा रोजगार | कम्पनी : MAZAYA AL SHARQ TECH. CONT. LLC
शहर : UAE
पूर्व स्वीकृत मितिः २०८०/१२/१५ चलानी नं.: ६०२१७५२३ LT. No.: 302726

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
